# सघन फलफुल विकास कार्यक्रम संचालन कार्यविधि, २०७५

(चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना व्यवस्थापन इकाई
खुमलटार, ललितपुर

# सघन फलफुल विकास कार्यक्रम संचालन कार्यविधि, २०७५

(चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग)

<u>प्रस्तावना:</u> नेपालमा भौगोलिक विविधताले प्रदान गरेको बाली विविधिकरणको अवसरबाट फलफूल विकासमा प्रशस्त सम्भावना बढाएको छ। तराइ देखि उच्च पहाड सम्मको जमिनको बनोट, पर्यावरणीय क्षेत्र तथा जलवायूको विविधता आदिले धेरै किसिम र जातका फलफूल बालीको उत्पादन र व्यावसायिकरण भैरहेको छ। नेपालमा कुल १६२६६० हे. क्षेत्रफलमा फलफूल खेती भैरहेको छ, सो मध्य ११०५०१ हे. जमिन उत्पादनशिल क्षेत्रबाट ९.२२ मे.ट./हे. का दरले उत्पादन भई कुल १०१८३०८ मे.टन. फलफुल उत्पादन भएको छ (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०१७)। सो तथ्यांक अनुसार सोही आ.ब मा करिव ११ अरब बराबरको फलफुल आयात भएकोमा करिव ३ करोड बरावरको मात्र निर्यात भएको देखिन्छ। यसवाट फलफुलको क्षेत्रफल विस्तार गरी व्यावसायीक उत्पादन प्रबर्द्धनको माध्यमबाट प्रशस्तै आयात प्रतिस्थापन गर्न सकिने सम्भावना देखिन्छ। यसै सन्दर्भमा फलफुल उत्पादन क्षेत्र विस्तारको सम्भावना तथा पर्यावरणिय संरक्षणको अपरिहार्यता भएको क्षेत्र हो, चुरे भावर क्षेत्र जुन पहाडको सबैभन्दा उत्तरमा रहेको सिमा देखि दक्षिणमा नेपाल भारतको सिमाना सम्मको सम्पूर्ण परिदृश्यलाई भन्ने बुझिन्छ। कमजोर भू-बनौट भएको चुरे पहाडमा प्राकृतिक कारणबाट नै ह्रास हुदैं गएकोले वन पैदावर र जैविक विविधताको धनी क्षेत्र चुरे पहाडको संरक्षण अपरिहार्य रहेको छ।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७३/०९/२६ गतेको निर्णय अनुसार स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेजको परिच्छेद ३ को बुँदा नं. ३.४ बमोजिम "सघन फलफुल वाली विकास कार्यक्रम संचालन (चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधी सहयोग) कार्यविधि २०७५" तयार गरिएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम, प्रारम्भ</u>: (१) यो कार्यविधिको नाम "सघन फलफुल वाली विकास कार्यक्रम (चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधी सहयोग") संचालन कार्यविधि, २०७५ रहेको छ।

(२) यो कार्यविधि कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "केन्द्र" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, ललितपुर सम्झनुपर्दछ ।

ख) "फार्म, कम्पनी, संस्था" भन्नाले प्रचलित कानुन बमोजिम सरकारी कार्यालयमा दर्ता भइ संचालनमा रहेका फार्म, कम्पनी वा संस्था सम्झनुपर्दछ ।

ग) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्दछ ।

घ) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनुपर्दछ ।

ङ) "सार्वजनिक जग्गा" भन्नाले सरकारी वा सार्बजनिक निकायको स्वामित्वमा रहेको जग्गा सम्झनुपर्दछ

च) "सार्वजनिक निकाय" भन्नाले सार्वजनिक खरिद एन, २०६३ को दफा २ को खण्ड (ख) बमोजिमका निकाय सम्झनुपर्दछ।

छ) "जोन/सुपरजोन" भन्नाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई अन्तर्गतका जिल्ला स्थित कार्यान्वयन इकाईहरु सम्झनुपर्दछ ।

## परिच्छेद-२
## कार्यक्रम सन्चालनको उद्देश्य

३. उद्देश्यः (१) फलफुल बालीको उत्पादन, क्षेत्र विस्तार तथा उत्पादकत्व बृद्धि गर्ने।

(२) चुरे भावर क्षेत्रमा तुलनात्मक लाभ भएका फलफुल उत्पादन गरि भू-संरक्षण तथा पर्यावरणीय सन्तुलन कायम गर्ने ।

(३) विपन्न तथा सिमान्तकृत कृषकहरुको रोजगारी तथा आय आर्जनमा बृद्धि गर्ने ।

(४) उच्च प्रविधियुक्त फलफुल नर्सरी स्थापना तथा नर्सरी सुदृढीकरण गरि स्थानीय रुपमा फलफुल विरुवाको उपलब्धतामा आत्मनिर्भर हुने ।

(५) कृषि उद्यमी, सहकारी तथा समूहहरुको उन्नत फलफुल खेती प्रविधि क्षमता अभिबृद्धि गर्ने ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. <u>सघन फलफुल वाली विकास कार्यक्रम चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, बिरुवा वितरण र प्रविधी सहयोग कार्यक्रम सञ्चालन प्रकृया:</u> (१) सघन फलफूल खेती, नर्सरी स्थापना र प्रविधि सहयोग कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाईमा रहनेछ। यसको सहजीकरण जिल्ला स्थित जोन/सुपरजोन कार्यान्वयन इकाईहरु मार्फत हुनेछ।

(२) खण्ड (क) बमोजिम सघन फलफुल खेती, फलफुलको नर्सरी स्थापना गर्दा निजी फर्म, व्यवसायी, कम्पनी, संस्था एवं कृषि सहकारीहरुलाई जिल्लागत (आन्तरिक) प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराइनेछ ।

(३) आवेदकले प्रस्तावना पेश गर्ने क्रममा हाइटेक फलफूल नर्सरी वा स्क्रिन हाउस स्थापनार्थ कम्तिमा ५ रोपनी जमिन हुनुपर्दछ ।

(४) सेमि हाइटेक ग्रिन हाउस/स्क्रिन हाउस कम्तिमा २०*६ मि. वा १०*६ मि. को हुनपर्नेछ र बिचको मूल खम्बाको उचाई जमिन बाट ४ मि. र छेउका खम्बाहरुको उचाई ३ मि. को हुनुपर्नेछ ।

(५) पुरानो बगैचा व्यवस्थापन (तारवार, सरसफाई, विषादि, पानी, बिजुली, पिट निर्माण, सौचालय तथा ज्यामि) को लागत इष्टमेट प्रशतावनामा पेश गर्न सकिनेछ ।

(६) नर्सरी श्रोतकेन्द्र स्थापना गर्दा १ जिल्लाबाट न्यतम २ वटा र अधिकतम ५ वटा प्रशतावकहरु स्वीकृत गरीने छ।

(७) आ.ब २०७५/७६ को हकमा राष्ट्रपति चुरे तराई मधेश संरक्षण समितीले तोकेका चुरे संरक्षण क्षेत्रको आधारमा देहाय बमोजिमका जिल्लाहरुका अनुसुचि ७ अनुसार तोकिएको स्थानमा सघन फलफुल बाली विकास, नर्सरी स्थापना तथा प्रविधि विस्तार सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।आ.ब. ०७५/७६ पछिका आ.ब. हरुमा तोकिए बमोजिमका जिल्लाहरुमा कार्यक्रम संचालन गरिनेछ ।

५. <u>सूचना प्रकाशन</u> : (१) केन्द्रले कार्यक्रम संचालनको लागि योग्यता पुगेका फार्म, व्यवसायी, कम्पनी, संस्था, सामुदायिक वन उपभोक्ता समिती, तथा समुह/सहकारीहरुलाइ फलफुल बगैचा स्थापना, नर्सरी स्थापना तथा प्रविधि सहयोगको लागि अनुसुची-१ बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक फार्म, व्यवसायी, कम्पनी, संस्था तथा सहकारीहरुले उक्त सूचनामा तोकिएको समयमा अनुसुची २ अनुसारको कागजातहरु तथा अनुसुची (१) बमोजिमको प्रस्तावहरु संलग्न राखी केन्द्रमा वा सम्बन्धित जोन/सुपरजोन कार्यान्वयन इकाईहरुमा शिलबन्दी आवेदन प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

६. <u>प्रस्ताव मुल्यांकन छनौट र सम्झौता:</u> (१) प्रचलित कानुन बमाजिम दर्ता भएका प्रशतावहरु दफा ८ बमोजिमको कार्यक्रम मूल्यांकन समिती मार्फत मुल्यांकन प्रक्रिया अगाडी बढाइनेछ ।

(२) उपदफा (१) बमोजिमको मुल्यांकन समितिले प्रशतावको प्रारम्भिक मुल्यांकन गर्दा दफा १० बमोजिम न्यूनतम योग्यता पुगेका प्रशताबहरु मात्र स्थलगत निरिक्षण र थप मुल्यांकनका लागि योग्य हुनेछन् ।

(३) मुल्यांकन समितिले आबश्यकता अनुसार अनुसुचि– ४ र ५ मा तोकिएको मुल्यांकन शिर्षक र अंक भार भित्र रही थप मुल्यांकनका उप शिर्षक निर्धारण गर्न सक्नेछ ।

(४) अनुगमनको क्रममा प्रशतावमा पेश गरिएको विवरण झुटो ठहरिएमा, प्राविधिक रुपमा अनुपयुक्त देखिएमा वा आबश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रशताव अयोग्य ठहर गरि बांकी प्रशतावहरुको मुल्यांकन प्रक्रिया अगाडी बढाइनेछ ।

(५) कार्यक्रम कार्यान्वयन समितिले उपसमितिको प्रतिवेदन लाइ समेत आधार मानी आयोजना छनौटका लागि केन्द्र प्रमुखलाइ सिफारिस गर्नेछ ।

(६) स्विकृत कार्यक्रमको परिधी भित्र रही अनुसुची ४ र ५ बमोजिम मुल्यांकनमा सवैभन्दा बढी अंक प्राप्त गर्ने प्रशतावहरु कार्यक्रम संचालनका लागि छनौट गरिनेछ ।

(७) कार्यक्रम संचालन गर्ने अनुदान ग्राही संस्थाहरु संग केन्द्रले आवश्यक शर्तहरु राखी अनुसुची ६ बमोजिम सम्झौता गर्नेछ ।

७. <u>संचालन हुने मुख्य मुख्य क्रियाकलाप र सहजीकरण</u>: सघन फलफुल बाली विकास कार्यक्रम (नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग) कार्यक्रम अन्तर्गत संचालन हुने मूख्य मूख्य क्रियाकलाप र सहजिकरण देहाय बमोजिम हुनेछ ।

| क्र.सं. | कार्यक्रमको विवरण | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|
| १ | सेमि हाइटेक फलफुल नर्सरी स्थापना | फार्म, कम्पनि, सहकारी सँस्था | अनुदान प्रतिशत अधिकतम ५० प्रतिशत सम्म हुने |
| २ | स्किन हाउस (screen house) निर्माण | फार्म, कम्पनि, सहकारी सँस्था | |
| ३ | विरुवा वितरण तथा बगैंचा स्थापना | परियोजन व्यवस्थापन तथा कार्यान्वयन इकाइहरु | |
| ४ | सिचाई पुर्बाधार निर्माण (थोपा सिचाई, सोलार सिचाई आदि) | फार्म, कम्पनी, सहकारी सँस्था | |
| ५ | कृषि औजार उपकरण वितरण | फार्म, कम्पनि, सहकारी सँस्था | |
| ६ | फलफुल खेती प्रविधि विषयक तालिम संचालन | परियोजना व्यवस्थापन/कार्यान्वयन इकाइ संगको समन्वयमा फर्म, कम्पनी, संस्था, कृषि सहकारीमा आवद्ध कृषकहरु | |
| ७ | अनुगमन तथा निरीक्षण | परियोजन व्यवस्थापन इकाइ तथा जोन सुपरजोन कार्यान्वयन इकाइ | |

८. <u>कार्यक्रम मूल्यांकन समिती</u>: सघन फलफुल बाली विकास कार्यक्रम (नर्सरी स्थापना, विरुवा वितरण र प्रविधि सहयोग) संचालन तथा सहजिकरणका लागि केन्द्रमा देहाय बमोजिमको कार्यक्रम मूल्यांकन समिती रहनेछ ।

क) परियोजना निर्देशक वा निजले तोकेको वरिष्ठ अधिकृत, संयोजक

ख) प्रतिनिधी, राष्ट्रिय फलफुल विकास केन्द्र, किर्तिपुर, सदस्य

ग) प्रतिनिधि, योजना महाशाखा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख, परियोजना व्यवस्थापन इकाई सदस्य

ङ) सार्बजनिक खरिद इकाई प्रमुख, परियोजना व्यवस्थापन इकाई, सदस्य सचिव

९. <u>कार्यक्रम मूल्यांकन समितीको काम, कर्तव्य र अधिकार</u> : (१) कार्यक्रम मूल्यांकन समितीको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क) प्रस्तावहरुको मूल्यांकन गर्ने ।

ख) प्रस्तावहरुको मुल्यांकनको नतिजा बमोजिम प्रशतावना स्वीकृतिको लागि सिफारिस गर्ने।

ग) प्राविधिक तथा व्यवस्थापकिय राय सुझाव दिने ।

(२) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाइ समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. <u>प्रस्तावकको योग्यता:</u> सघन फलफुल बाली विकास कार्यक्रम (नर्सरी स्थापना, बिरुवा वितरण र प्रविधि सहयोग) मा सहभागि हुने प्रस्तावकको योग्यता देहाय बमोजिमको हुनेछ ।

(१) अनुसुची– ३ अनुसार निर्धारित ढांचामा लेखिएको प्रशताव सहित अनुसुची २ बमोजमको निवेदन,

(२) प्रशताव पेश गर्नु पुर्व आवेदक संस्थाले जिम्मेवारी तोकिएको व्यक्तिलाइ अख्तियारी दिएको पत्र र नीजको नागरिकताको प्रतिलिपी,

(३) स्थानीय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको र स्थानिय तहबाट आवश्यक सहयोगको प्रतिवद्धता पत्र,

(४) फार्म, कम्पनि, संस्था, कृषि सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. भएको प्रमाणपत्रको प्रतिलीपि,

(५) कार्यक्रम संचालनका लागि कार्यक्रममा तोकिए बमोजिमको जग्गा चक्लाबन्दी भएको हुनुपर्नेछ ।

(६) करारमा लिइएको जग्गा हो भने न्यूनतम १० वर्ष करार सम्झौताको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणिकरण भएको) ।

११. <u>खर्च सम्बन्धि व्यवस्था</u>: (१) प्रचलित एन तथा नियमावलिको परिधिमा रही सूचना प्रकाशन, अनुगमन मुल्यांकन, लगायतका कार्यका लागि यसै कार्यक्रमका लागि विनियोजित बजेटको २.५% ननाघ्ने गरि सोही बजेटबाट व्यवस्थापन गरिनेछ ।

(२) कार्यक्रम संचालनका लागि उपलब्ध अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिमको हुनेछ

(३) अनुदान ग्राहीलाई कामको प्रकृति अनुसार बढीमा तीन किस्तामा सम्झौता बमोजिमको अनुदान रकम बैंक तथा वित्तिय संस्था मार्फत उपलब्ध गराइनेछ ।सेमी हाइटेक नर्सरी स्थापनाका लागि अधिकतम अनुदान रकम रु ५० लाख, स्क्रिन हाउस निर्माणको लागि अधिकतम रु ८ लाख र माउ बोटको लागि आबश्यक पुरानो वगैंचा व्यावस्थापनको लागि अधिकतम रु ५ लाख सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । एउटै फर्म/ कम्पनी/ सहकारीले एक वा एकभन्दा वढि कार्य गर्न सक्ने छ ।

१२. प्रगति प्रतिवेदन पठाउनु पर्ने : अनुदान ग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा सम्बन्धित जोन/सुपरजोन कार्यान्वयन इकाइमा पेश गर्नुपर्नेछ ।कार्यक्रमको अन्तिम प्रतिवेदन परियोजना व्यवस्थापन इकाईले मन्त्रालयमा पेश गर्नेछ ।

१३. अनुगमन तथा मुल्यांकन : मन्त्रालय स्तर, केन्द्रबाट नियमित अनुगमन तथा निरिक्षण हुनेछ ।

१४. अमान्य हुने : यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानुन संग बाझिएमा अमान्य हुनेछ ।

१५. बाधा अड्काउ फुकाउने : यस कार्यविधिको व्याख्यामा द्विविधा भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ ।

१६. कार्यविधि संशोधन : यस कार्यविधिलाई मन्त्रालयले आबश्यकता बमोजिम परियोजना व्यवस्थापन इकाईको सिफारिसमा संशोधन गर्न सक्नेछ ।

अनुसूची -१

(दफा ५(१) संग सम्बन्धित)

सघन फलफुल वाली विकास कार्यक्रम (चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधी सहयोग) सम्बन्धी प्रश्ताव आव्हानको सूचना

सूचना। सूचना ।। सूचना ।।।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन ईकाइ, ललितपुरको आ. ब. ................ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सघन फलफुल वाली विकास कार्यक्रम (चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधी सहयोग) कार्यक्रम रहेको हुंदा ..................जिल्लाको चुरे भावर क्षेत्रमा इच्छुक फार्म, कम्पनी, संस्था तथा सहकारी बाट दर्खास्त आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुर तथा सम्बन्धित जिल्ला स्थित जोन/ सुपरजोन कार्यान्वयन इकाईहरुमा फलफुल नर्सरी स्थापना, विरुवा वितरण तथा प्रविधि सहयोग सेवा प्रदान गर्न अनुसुची २ बमोजिमका कागजातहरु संलग्न राखी पेश गर्न हुन अनुरोध छ ।

अनुसूची २

दफा (५)२ संग सम्बन्धित

आवेदन फाराम तथा संलग्न गर्नुपर्ने कागजातहरु

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,

............................।

विषयः अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे।

प्रस्तुत विषयमा तहाँ कार्यालयबाट मिति २०७..../.../.. गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने अनुदान, प्राप्त गरि ..................जिल्लाको चुरे भावर क्षेत्रमा फलफुल नर्सरी स्थापना, बिरुवा वितरण तथा प्रविधि सहयोग सेवा संचालन गर्नको लागि तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी अनुरोध गर्दछु।

तपशिलः

१. अनूसूची २ अनुसारको आवेदन

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. अनुसुची ३ अनुसारको प्रस्ताव

४. सम्बन्धित स्थानिय तहबाट संलग्न प्रस्ताव अनुसार कार्यक्रम संचालन गर्न प्राविधिक रुपमा उपयुक्त रहेको सिफारिस पत्र र आवश्यक सहयोगको प्रतिवद्धता पत्र।

५. फार्म/कम्पनी, संस्था तथा सहकारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि।

६. कार्यक्रम संचालनका लागि तोकिए बमोजिमको जग्गा एकै ब्लक र सीमा जोडिएको हुनुपर्ने ।

७. अन्य प्रमाणपत्रहरु (तालिम अनुभव, लालपुर्जाको प्रतिलीपि, जग्गा भाडा सम्झौतापत्र )

८. अनूसूची ४ अनुसारको संक्षिप्त कार्ययोजना

९. अन्य प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) का प्रतिलिपीहरु

१०. बैंकले लगानी गर्न सक्ने Letter of Intent वा आफ्नो श्रोत खुलेको प्रमाण ( बैंकको स्टेट्मेन्ट)

निवेदकको

नामः.........................

दस्तखतः.........................

ठेगानाः .......................

फोन नं. .......................

संस्थाको छाप

## अनुसूची - ३

### दफा (५) को उपदफा (२) संग सम्बन्धित

संक्षिप्त व्यवसायिक कार्य योजना

१ व्यवसायिक फार्म/कम्पनि/संस्था/समुह/सहकारीको नामः

२ ठेगानाः गाउँ/टोलः वडा नं.पालिका. जिल्लाः

३ व्यवसाय संचालन गरिने स्थानः

४ कार्यक्रम संचालन हुने क्षेत्रफल :

५ परियोजनाको पृष्टभूमि :

६ परियोजनाको उदेश्य :

७ व्यावसायीक योजना : उत्पादन योजना, बजार योजना, संगठन तथा व्यवस्थापन योजना, वित्तिय योजना

८ अपेक्षित प्रतिफल

९ लागत बजेट (टेवल बनाएर पेश गर्ने )

१० योजनाको दिगोपना

११ नबिन सोच केही भए उल्लेख गर्नुहोस

१२ प्रस्तावक संस्थाले व्यवसायिक योजनामामा सम्पर्क व्यक्तिको नाम थर, ठेगाना, मिति उल्लेख गरि दस्तखत गर्नुपर्नेछ ।

नोटः यसलाई आधार बनाएर थप/घट गरी प्रस्ताव राख्न सकिने छ । साथै प्रस्ताव नेपाली वा अंग्रेजी भाषामा राख्न सकिने छ ।

अनुसूची-४

दफा (६) सग सम्बन्धित

फलफूल बगैंचा विस्तार/स्थापनाको लागि प्रस्तावको मुल्यांकन मापदण्ड

१. कम्पनी/संस्था/फर्म/समुह/सहकारी सूचना प्रकाशन हुनु पूर्व रीत पुर्वक दर्ता भएको हुनुपर्दछ ।

२. भौगोलिक र वातावरणीय उपयुक्तता (५ अंक)

३. व्यावसायको विस्तारको प्रशताव

| बाली | अंक (५) | अंक (८) | अंक (१२) | अंक (१५) |
|---|---|---|---|---|
| जिल्लाको सम्भाव्यताको आधारमा सुन्तलाजातका फलफूल, अनार, आप, लिची केरा, घिउफल (Avocado), चिउरी, रुखकटहर, अमला, अम्बा, स्ट्रबेरी | १—५ हे. सम्म | ५—१० हे. सम्म | १०—१५ हे. सम्म | १५ भन्दा बढी |

४. आवेदकको आफ्नो जग्गा वा सेयरवालाको स्वामित्वमा रहेको जग्गा भएको हकमा (१० अंक), करार गरि भाडामा लिएको जग्गा वापत (८ अंक)

५. प्राविधिक ज्ञान अनुभव र दक्षता वापत (३ अंक)

६. व्यावसायिक योजना वापत (६ अंक)

६.१ उत्पादन योजना वापत (१)

६.२ बजार योजना वापत (१)

६.३ संगठन तथा व्यवस्थापन योजना वापत (१)

६.४ वित्तिय योजना वापत (१)

६.५ दिगोपना वापत (१)

७. नविनतम सोच वापत (१)

पुर्णांक जम्मा : ४०

अनुसूची ५

दफा (६) संग सम्बन्धित

फलफूल नर्सरी स्थापनाको लागि प्रस्तावको मुल्यांकन मापदण्ड

फलफूल नर्सरी श्रोत केन्द्र निर्माणार्थ अनुदान उपलब्ध गराउनका लागि प्रस्ताव मुल्याङ्कन फारम

| क्र.स. | सूचक | अंक | कैफियत |
|---|---|---|---|
| १ | **सेमी हाइटेक/स्क्रिन हाउस निर्माणका लागि प्रस्तावित जमिनको उपयुक्तता** | १० | प्रमाण पेश गर्नुपर्ने (स्थानिय सरकार, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ) |
| क | सडक, सिचाइको श्रोत, बिजुलीको सुविधा उपलब्ध भएको तथा प्रस्तावित जमिन प्रस्तावित पूर्वाधार निर्माणका लागि उपयुक्त रहेको | १० | |
| ख | बिजुली र सडकको सुविधा तत्काल नभएको ~~तर~~ हुन सक्ने | ५ | |
| २ | **सेमी हाइटेक/स्क्रिन हाउसको क्षेत्रफल** | १५ | |
| क | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा १०० प्रतिशत वा सो भन्दा बढि | १५ | |
| ख | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल भन्दा ५० प्रतिशत देखि ९९ प्रतिशत सम्म | १० | |
| ग | अनुदानका लागि तोकिएको न्यूनतम क्षेत्रफल बराबर वा न्यूनतम क्षेत्रफल भन्दा ४९ प्रतिशत सम्म वा कम | ५ | |
| ३ | **प्रस्तावकको आर्थिक क्षमताको अवस्था** | १० | बैंकको Letter of Intent वा Bank balance भएको पेश गर्नुपर्ने |
| क | लागत अँश व्यहोर्न सक्षम भएको प्रर्याप्त आधार देखिएको | १० | |
| ख | व्यहोर्नु पर्ने लागत अँश व्यहोर्ने तथा प्राविधिक सम्भाव्य देखिएको | ५ | |
| ग | व्यहोर्नु पर्ने लागत तथा प्राविधिक क्षमता नदेखिएको | ० | |
| ४ | **व्यवसायिक योजना** | २० | |
| क | व्यवसायिक दृष्टिले बढी मुनाफाजनक, दिगो तथा प्रस्ट | २० | |
| ख | व्यवसायिक दृष्टिले कम मुनाफामूलक, कम दिगो तथा अस्पस्ट | १० | |

| | | | |
|---|---|---|---|
| ग | व्यवसायिक दृष्टिले मुनाफा रहित तथा अव्यवहारिक | ० | |
| ५ | **आवेदकको प्राविधिक क्षमताको अवस्था** | १५ | सर्टिफिकेट पेश गर्नुपर्नेछ |
| क | स्नातकोत्तर (संचालक/ शेयर होल्डर) | १५ | |
| ख | डिप्लोमा / आइ.एस्सी.एजी / जे.टी / जे.टी.ए/ कम्तिमा २ बर्ष देखी प्लाष्टिक टनेलमा खेती गरिरहेको | १० | |
| ग | अप्रयास प्राविधिक ज्ञान | ५ | |
| ६ | **जमिनको अवस्था** | ३० | |
| क | आफ्नै नाममा वा प्रोपाईटर संचालकको नाममा | ३० | |
| ख | १५ बर्ष वा बढीको लिज | २० | |
| ग | १० बर्ष देखि १४ बर्षको लिज | १५ | |
| | **कुल जम्मा** | १०० | |

अनुसूची - ६

दफा (६) संग सम्वन्धित

## सम्झौता - पत्र

आ. व.................बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत प्रतिस्पर्धाका आधारमा सघन फलफुल वाली विकास कार्यक्रम संचालन प्रयोजनार्थ सघन फलफुल वाली विकास कार्यक्रम (चुरे भावर क्षेत्रमा नर्सरी स्थापना, विरुवा वितरण र प्रविधी सहयोग) संचालन कार्यविधि २०७५" (नेपाल सरकार .......... को मिति २०७५/ / मा स्वीकृत) अनुसार मिति २०७ // मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७../ / को निर्णयले जम्मा लागत रु ..........(अक्षरुपी ............ मात्र) मध्य कार्यालयबाट अनुदान रु ...........(अक्षरुपी ............मात्र) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मञ्जुर गरी यो सम्झौता गरिएको छ ।

| क्र. सं | क्रियाकलाप | जम्मा लागत | कार्यक्रमबाट व्यहोर्ने | संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, ललितपुर (प्रथम पक्ष) र सम्बन्धित .................. (दोश्रो पक्ष) बीच सघन फलफूल बाली विकास कार्यक्रम संचालन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. यो सम्झौता सम्झौताकारी दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ (पन्ध्र) दिन भित्र शुरु गर्नु पर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा ३ (तीन) किस्तामा (२०:५०:३० का दरले रकम उपलब्ध गराउनु पर्नेछ । दोश्रो पक्षले मिति २०७६/०३/१५ सम्ममा कार्य सम्पन्न गरि कार्यालयमा अन्तिम बील भर्पाई पेश गरि भुक्तानी माग गर्नु पर्नेछ ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा २० (बीस प्रतिशत कार्य गरेको हुनुपर्नेछ ।सम्झौता बमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोश्रो किस्ता रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षले दोश्रो पक्षलाई किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशानुसार कार्य गर्नु पर्नेछ ।

७. अन्तिम वा दोश्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मूल्याङ्कन गराई वील सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो समेत) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ । प्रधम पक्षले रीतपूर्वकको प्रतिवेदन तथा विलहरु प्राप्त भए पछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

८. दोश्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ जोन/सुपरजोन कार्यान्वयन इकाईबाट कार्यसम्पन्न भएको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

९. दोश्रो पक्षले कार्यक्रमको प्रगति विवरण मासिक रुपमा सम्बन्धित वा पायक पर्ने जोन/सुपरजोन इकाईमा उपलब्ध गराउनु पर्नेछ ।

| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षको तर्फवाट |
|---|---|
| नामः | नामः |
| पदः प्रमुख | पदः |
| मिति | मिति : |
| कार्यालयको नाम र छापः | छापः |
| सम्पर्क नं | |

..................................

साक्षी :

नाम, थर :

पदः

मिति :

ठेगाना :

अनुसूची ७

दफा (४) संग सम्बन्धितआ.ब. २०७५/७६ मा सघन फलफुल बाली विकास कार्यक्रम लागु हुने जिल्ला तथा स्थानीय तहहरुको विवरण

| जिल्ला | प्रदेश नं. | स्थानीय तह |
|---|---|---|
| उदयपुर | १ | बेलका नगरपालिका |
| | | चौदण्डिगढि नगरपालिका |
| | | कटरी नगरपालिका |
| | | रउतामाइ गाउ पालिका |
| | | त्रियुगा नगरपालिका |
| | | उदयपुरगढि गाउपालिका |
| | | बेलका गाउपालिका |
| | | चौदन्डिगढि नगरपालिका |
| कपिलबस्तु | ५ | बानगंगा नगरपालिका |
| | | विजयनगर गाउपालिका |
| | | बुद्धभूमि नगरपालिका |
| | | शिवराज नगरपालिका |
| सुर्खेत | ६ | ब्राहताल गाउपालिका |
| | | भेरिगंगा नगरपालिका |
| | | विरेन्द्रनगर नगरपालिका |
| | | चारकुने गाउपालिका |
| | | गुरभाकोट नगरपालिका |
| | | लेकबेसी नगरपालिका |
| | | पंचपुरी नगरपालिका |
| झापा | १ | अर्जुनधारा |
| | | बुद्धशान्ती |
| | | कन्काई |
| | | मेचीनगर |
| | | शिवसताक्षी |
| रौतहट | २ | चन्द्रपुर नगरपालिका |
| | | गुजारा नगरपालिका |

*नोट : स्थानीय आबश्यकता तथा स्वीकृत कार्यक्रम/बजेट को आधारमा आगामी आ.ब/हरुमा कार्यक्रम संचालन गरिने स्थानमा हेरफेर हुन सक्नेछ ।*

अनुसूची-८

दफा (४) संग सम्बन्धित

चुरे संरक्षीत क्षेत्र (३७ जिल्ला)

